# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
प्रदेश नं.१, नेपाल

### नदीजन्य पदार्थ संकलन र विक्री तथा उक्त क्षेत्रमा लगाईने सडक सुधार शुल्क सम्बन्धी बोलपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७८/०७/२३*

यस कनकाई नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, आन्तरिक आयको ठेक्का व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ "ढुङ्गा, गिटी बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" तथा मिति २०७८/०७/१४ गतेको कार्यपालिका बैठकको निर्णयानुसार योग्य व्यक्ति वा फर्महरुबाट आ.व. २०७८/०७९ का लागि प्रचलित कानूनको अधिनमा रही विद्युतीय बोलपत्र (ई-बिडिङ्ग) मार्फत तपशिल अनुसार आन्तरिक आयको ३१ दिने ठेक्का आह्वान गरिएको छ

**तपशिलः**

| ठे.नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक भ्याट सहित | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| KANAKAI/IR/03 /078-079 | कनकाई नगरपालिकाकले तोकिदिएको क्षेत्र (कनकाई नदि) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री | रु.३०,४९,३४२।- (अक्षरेपी तीस लाख उनान्पचास हजार तीन सय बयालिस रुपैयाँ मात्र।) | रु ३०००।- |
| KANAKAI/IR/04 /078-079 | कनकाई नदि क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा नै लिईने सडक सुधार शुल्क | रु ६,००,०००।- (अक्षरेपी छ लाख मात्र) | रु. १००० |

नोटः ठेक्का सम्बन्धी विस्तृत विवरण तथा अन्य शर्तहरु नगरपालिकाको सूचना पाटी वा नगरपालिकाको वेभसाईट www.kankaimun.gov.np बाट जानकारी पाउन सकिने छ । योग्य बोलपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीका लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, कनकाई नगरकार्यपालिकाको कार्यालय, जामुनबारी, झापामा, www.kankaimun.gov.np वा info@kankaimun.gov.np मा सम्पर्क राख्न सकिनेछ ।

**शर्तहरुः**

१. योग्य बोलपत्रदाताले बोलपत्र फारम खरिद गर्दा भुक्तानी गर्नुपर्ने रकम यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड सुरुङ्गामा रहेको आन्तरिक राजस्व खाता नम्बर १४७०३०००००१००१००००००१ मा जम्मा गरी बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नुपर्नेछ ।

२. बोलपत्र दाखिला गर्ने कम्पनी/फर्म/व्यक्ति नेपाली भएमा कूल कवोल अंकको ५ प्रतिशत र बिदेशी भए १० प्रतिशत धरौटी यस कार्यालयको नाममा नेपाल बैक लिमिटेड सुरुङ्गामा रहेको धरौटी खाता नं. १४७०३००००३०००००००१ मा जम्मा गरी बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नुपर्नेछ अथवा नेपाल राष्ट्र बैंकबाट जमानत जारी गर्न इजाजत प्राप्त वाणिज्य बैंक वा वितीय संस्थावाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा१२० दिन म्याद भएको निःशर्त बोलपत्र जमानत (धरौटी) पेश गर्नुपर्नेछ ।

३. तोकिएको समय भित्रमा पेश भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कनकाई नगरपालिकाको कार्यालयमा सूचना प्रकाशन भएको मितिले ३१ औ दिनको अपरान्ह २:०० बजे खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा प्रचलित व्यवस्था बमोजिम हुने छ।

५. कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार वा अश्वीकार गर्ने सम्पुर्ण अधिकार यस कनकाई नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।

६. बोलपत्र फारम जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नुपर्नेछ ।

७. बोलपत्र फारम भर्दा आफुले कवोल गरेको अंक र अक्षर दुवै प्रस्ट हुने गरी उल्लेख गर्नु पर्नेछ ।अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।सूचना साथ संलग्न सम्पूर्ण कागजातहरुमा सहीछाप गरी अनिवार्य रुपमा अपलोड गर्नु पर्नेछ ।

८. बोलपत्र स्वीकृत भएपछी सूचना जारी भएको मितिले ७ दिन भित्रमा सम्झौता गर्न यस कार्यालयमा आउनुपर्नेछ । मनासिव कारणबाहेक सो अवधी भित्र सम्झौता गरी ठेक्का पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी कालो सूचीमा राखिनेछ।

९. ठेक्का स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अंकमा १० प्रतिशत छुट दिईनेछ । किस्ताबन्दी रुपमा रकम बुझाउदा व्यवसायीले आफुले कबोल गरेको कुल रकम ३ (तीन) किस्तामा बुझाउनु पर्नेछ ।पहिलो किस्ता कुल सम्झौता रकमको कम्तिमा ५० प्रतिशत रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ । दोस्रो किस्ता कुल सम्झौता रकमको कम्तिमा ३०प्रतिशत रकम मंसिर मसान्त र अन्तिम किस्ता सम्झौता बमोजिमको बाँकि रकम चैत्र मसान्त भित्रमा बुझाउनु पर्नेछ । साथै यसरी किस्ताबन्दीमा रकम बुझाउदा व्यवसायीले ठेक्का कवोल गरेको अंकमा दोस्रो र तेस्रो किस्ताको रकम बराबरको जमानत वापत नेपाल राष्ट्र बैंकबाट जमानत जारी गर्न इजाजत प्राप्तवाणिज्य बैक वा वितीय संस्थावाट यस कार्यालयको नाममा जारी भएको निःशर्त जमानत (धरौटी) सम्झौता गर्नुपूर्व पेश गर्नुपर्नेछ ।

१०.किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ । म्याद भित्र नबुझाएमा नगरपालिकालाई ०.०२ प्रतिशत प्रतिदिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसाबले हुन आउने जरिवाना रकम व्यवसायीले बुझाउनु पर्नेछ ।

११.ठेक्का संचालनको शिलशिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै व्यवसायी स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

१२.नगरपालिकालाई रकम बुझाउनु पर्ने वा बाँकी बक्यौता भएका तथा कालो सूचीमा परेका व्यक्ति वा फर्महरुको बोलपत्र स्वीकार गरिने छैन ।

१३.सम्झौता अवधि भर व्यवसायीले ठेक्का सम्झौता तोड्न पाउने छैन ।बिचैमा व्यवसायीले ठेक्का सम्झौता तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत ब्याज सहित जोडी असूल उपर गरिने छ र त्यस्तो फर्मलाई कालो सूचीमा समेत राखिने छ।

१४.ठेक्का सम्झौता अवधि नगरपालिका र व्यवसायी बिच सम्झौता भए पश्चात लागु भई २०७९ जेठ मसान्त सम्म कायम रहने छ यदि IEE मा उल्लेखित परिमाणको नदीजन्य सामग्री संकलन गरी सकेको प्राविधिक मूल्याङ्कन प्रतिवेदनको आधारमा पुष्टि भएमा उक्त समयावधि भन्दा अगाडी नै सम्झौता समाप्त भएको मानिनेछ ।

१५.विरिङ्ग खोला क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमानै लिईने सडक सुधार शुल्क सम्बन्धित संकलन क्षेत्रमा मात्रै उठाउन पाइने छ ।

१६.सो खोला बाहेक अन्यबाट ढुवानी गर्ने सवारी साधन तथा अन्य प्रयोजनमा प्रयोग हुने सवारी साधनबाट यो सडक सुधार शुल्क संकलन गर्न पाइने छैन ।

१७.सडक सुधार शुल्क उठाउन राजमार्ग तथा सडक क्षेत्रमा कुनै ढाट तथा अवरोध राख्न पाइने छैन ।

१८.कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न पाइने छैन साथै त्यस्तो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन ।

१९.शुल्क नगरपालिकाको आर्थिक ऐन २०७८ मा उल्लेख भएको दर भन्दा बढी उठाउन पाइने छैन । तोकिएको दर भन्दा बढी वा तोकिएका ढुवानी साधन भन्दा अन्य सवारी साधनबाट उठाएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।

२०.सडक सुधार शुल्कको दर रेट सम्बन्धी विस्तृत विवरण बोलपत्रसाथ संलग्न गरी उपलब्ध गराईनेछ।

२१.ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।

२२.उल्लेख भएका बाहेक अन्य व्यावस्था प्रचलित कानून बमोजिम हुनेछ ।

मोहन प्रसाद
प्रशासकीय अधिकृत

# खण्ड २

## नदीजन्य पदार्थ संकलन, उत्खनन परिमाण तथा दररेट सम्बन्धी विवरण

क) परिमाण

छनौट भएको बोलपत्रदाताले देहायको ४ स्थानबाट तोकिए बमोजिमको परिमाणमा मात्र कनकाई नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्न पाउने छ । उल्लेखित व्यवस्था विपरित संकलन गरेको पाईएमा नियमानुसार कारबाही गरिने छ ।

| क.स. | अक्षांश(उ) | देशान्तर (पु) | बार्षिक निकाल्न सकिने घ.मि | विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | बालुवा | गिट्टी | |
| १ | 26°39'4.32"N | 87°52'17.32"E | ६८३६.४ | ४५५७.६ | २२७८.८ | |
| | 26°38'49.56"N | 87°52'9.86"E | ४१७९ | ४१७९ | | |
| | 26°38'50.72"N | 87°52'6.46"E | ३४५५.८८ | २३०३.९ | ११५२ | |
| | 26°38'55.89"N | 87°52'12.48"E | ७१३ | ७१३ | | |

ख) दररेट छनौट भएको बोलपत्रदाताले देहायको दर रेटमा शुल्क लिनु पर्नेछ । तपशिलमा उल्लेख भए भन्दा बढी दरमा शुल्क लिन पाइने छैन। उल्लेखित दर रेट भन्दा बढी शुल्क लिएको पाईएमा नियमानुसार कारबाही गरिने छ।

| सि.नं. | विवरण | दररेट रु (प्रति घन फिट) |
|---|---|---|
| १ | ढुङ्गा, गिट्टि | ६ |
| २ | बालुवा | ४.७५ |

नोटः उपरोक्त दर रेटमा १३ प्रतिशत मूल्य अभिबृद्धि कर समावेश भएको छैन ।

मोहन प्र... प्रमुख प्रशासकीय अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुरुङ्गा, झापा
१ नं. प्रदेश, नेपाल

# खण्ड ३

## नदीजन्य पदार्थ संकलन तथा बिक्री ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र फारम

१) ठेक्काको नामः कनकाई नगरपालिकाकले तोकिदिएको क्षेत्र (कनकाई नदि) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री

२) भ्याट सहित न्यूनतम अंकः रु.३०,४९,३४२।-(अक्षरेपी तीस लाख उनान्पचास हजार तीन सय बयालिस रुपैयाँ मात्र।)

३) धरौटी रकमः

| ठे.नं. | विवरण | कवोल रकम | |
|---|---|---|---|
| | | जम्मा कवोल अंक भ्याट सहित (अंकमा) | जम्मा कवोल अंक भ्याट सहित (अक्षरमा) |
| KANAKAI/ IR/03 /078-079 | कनकाई नगरपालिकाले तोकि दिएको क्षेत्र (कनकाई नदि) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री | | |

नोटः रकम उल्लेख गर्दा भ्याट सहित उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा स्पस्ट खुल्ने गरी लेखुपर्ने छ ।

<u>पेश गर्नेको</u>

दस्तखतः                                        फर्मको छाप

फर्मको नामः

प्रोपाईटरको नामः

ठेगानाः                                        मोवाइल नं.

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत